म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २३९ मंगलबार २७ चैत २०८० ने. सं. ११४४ चौलाथ्व 9 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सहकारी लेखापालन तालिमको समापन

हेटौंडा, २६ चैत/जिल्ला बहुउद्देश्यीय सहकारी संघ मकवानपुरको आयोजना र बागमती प्रदेश सहकारी विकास बोर्डको सहयोगमा गत बुधबारदेखि सुरु भएको सहकारी लेखापालन तालिम सोमबार सकिएको छ । समापन कार्यक्रम संघका अध्यक्ष रामहरि न्यौपानेको अध्यक्षता तथा प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यता भएको हो । कार्यक्रममा हेटौंडा-२ का अध्यक्ष विष्णुगोपाल महर्जन, बागमती प्रदेश बचत संघका पूर्वउपाध्यक्ष राधा सिन्तान, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरि कंडेल, राष्ट्रिय सहकारी बैंकका प्रमुख रामेश्वर अर्याल, नारायणी बहुउद्देश्यीय सहकारीका अध्यक्ष जंगबहादुर गुरुङ, अडानका केन्द्रीय सदस्य प्रकाश ढकाल, प्रशिक्षक नवराज खनाललगायत संघका पदाधिकारीको आतिथ्यता रहेको थियो । तालिममा रामेश्वर अर्याल, गोविन्द दाहाल, सीताराम दाहाल, नवराज खनालले प्रशिक्षण दिएका थिए । तालिममा कृषि, उपभोक्ता, बचत तथा ऋण, बहुउद्देश्यीय सहकारी गरी १८ संस्थाका २० जनाको सहभागिता रहेको संघका व्यवस्थापक महेश अधिकारीले बताए ।

# हेटौंडाको गुन्द्रुकलाई सरकारी गुणस्तर मान्यता, बजारको सम्भावना कति ?

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/हेटौंडा उपमहानगरपालिकाको सहयोगमा उत्पादन थालिएको गुन्द्रुकले सरकारी मान्यता प्राप्त गरेको छ । हेटौंडा-१२ घलेगाउँमा रहेको कञ्चनजंगा कृषि सहकारी संस्था लघुउद्यमी उद्योगले उत्पादन थालेको अर्गानिक गुन्द्रुक प्रयोगका लागि सरकारी मान्यता प्राप्त गरेको हो ।



लघुउद्यमीले उत्पादन गरेको गुन्द्रुक प्रयोगका लागि उपयुक्त भएको भन्दै हेटौंडास्थित खाद्यप्रबिधि तथा गुण नियन्त्रण कार्यालयले अनुज्ञापत्र दिएको छ । सोमबार उपमहानगरमा आयोजित पत्रकार सम्मेलनमा उपमहानगरले सञ्चालन गरेको तालिमबाट उद्यममा लागेको साना व्यवसायीमध्ये गुन्द्रुक उद्योगले पहिलोपटक सरकारी गुणस्तरको मान्यता प्राप्त गरेको बताइएको छ । मान्यता प्राप्त गरेसँगै उपभोक्ता बीचमा बिक्रीका लागि बाटो खुलेको छ । करिब चार महिनाको परीक्षण र निगरानीपश्चात खाद्यप्रबिधि तथा गुण नियन्त्रण कार्यालयले गुन्द्रुक प्रयोगका लागि योग्य रहेको अनुज्ञापत्र दिएका उपमहानगरका उद्योग शाखाप्रमुख हिमप्रसाद पौडेलले बताए ।

उपमहानगरपालिकाको १ लाख रुपैयाँबाट थालेको अर्गानिक साग उत्पादन गरी बनाएको गुन्द्रुकले बजारीकरणका लागि स्वीकृति पाउँदा आफूहरु निकै खुशी भएको उद्यमी समूहका अध्यक्ष चिनीमाया गुरुङले बताइन् । गाउँमा आयआर्जनका लागि केही काम नभइ बसेका हामीलाई उपमहानगरले कामका लागि दिएको हौसलाले अहिलेको अवस्था आएको उनले बताइन् । 'यसै बसेका थियौं, काम गर्नका लागि नगरप्रमुखले लगानी गरिदिने भनेपछि गुन्द्रुकको काम थालेका हौं' अध्यक्ष गुरुङले भनिन् । उपमहानगर र सहकारीको ८० हजार रुपैयाँबाट १५ कठ्ठा जमिन भाडामा लिएर साग लगाई गुन्द्रुकको उत्पादनमा लागेको उनले बताइन् ।

अनुज्ञापत्र नहुँदा बजारमा लैजान नपाएर गाउँमै अहिले करिब ३ लाख रुपैयाँको गुन्द्रुक घरमै राखेको उनले जानकारी दिइन् । अब बजारीकरणको बाटो खुलेको छ, उपमहानगरले सहयोग गरे हामी समूहमा रहेका १२ जनाले गरेको कामले सार्थकता पाउँने बताइन् । गत असोजमा कामको लागि सम्झौता गरेसँगै समूहले मंसिरबाट गुन्द्रुकको उत्पादन थालेका थिए । उद्योग शाखाको तथ्याङ्कअनुसार उपमहानगरले ८०० भन्दा बढीलाई बिभिन्न प्रकारका तालिम दिएपनि अहिले २६८ जना उद्यममा जोडिएको जनाएको छ ।

हेटौंडामा उत्पादन भएको गुन्द्रुकको बजारीकरणमा उपमहानगरले सहयोग गर्ने नगरप्रमुख मीनाकुमारी लामाले बताएकी छन् । उद्यमी समूहलाई अनुज्ञापत्र हस्तान्तरण गर्दै उनले हेटौंडा बजारसहित अन्य सम्भावना भएका क्षेत्रमा गुन्द्रुकको बजारीकरणका लागि सहयोग गर्ने प्रतिबद्धता जनाइन् । उनले पहिलो चरणमा हेटौंडामा रहेको साना तथा ठूलो होटलमा यहाँको उत्पादनलाई राख्नका लागि पहल गर्ने र मुलुकका ठूला सहरमा बिक्रीका लागि पहल गर्ने बताइन् । उपमहानगरले लगानी गरेर घेरै तालिम तथा अन्तरक्रिया गरेपनि अहिले गरेको सानो लगानीले यहाँका महिलालाई उद्यमी बनाउन मद्दत पुगेको बताइन् । उनले उपमहानगरको लगानीमा हेटौंडामा सञ्चालन भएको कोशेली घरमार्फत् स्थानीय उत्पादनलाई बजारीकरणमा सहयोग गरिरहेको बताइन् ।

स्थानीय उत्पादनलाई बजारीकरण गर्ने तयारीअनुसार नगर प्रमुख लामाले मकवानपुका होटल व्यवसायीसँग छलफल गरेकी छन् । छलफलका क्रममा होटल व्यवसायी संघ मकवानपुरका अध्यक्ष दिलिश गोबिन्द जोशीले मासिक १२ सय किलोग्राम गुन्द्रुक जिल्लामा खपत हुने गरेको बताए । उनले बाहिर बाट ल्याएको गुन्द्रुक भन्दा यहाँको उत्पादन बिक्रीका लागि पहल गर्ने प्रतिबद्धता जनाए । प्रयोगका लागि गुणस्तरको कुरा हो सरकारी मान्यता प्राप्त भएपछि हामीलाई प्रयोग गर्न कुनै समस्या छैन, संस्थागतरुपमै नगरको उत्पादन बिक्रीका लागि पहले गर्ने बताए ।

यहाँ उत्पादन भएका सामग्रीलाई होटलको मेन्यूमै राखेर बिक्री गर्न कुनै समस्या नभएको भन्दै उनले संघको बैठकबाटै निर्णय गरेर अघि बढ्न तयार रहेको जानकारी दिए । उपमहानगरपालिका आर्थिक विकास समितिका संयोजक अनिल बाँनियाँको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरी सहित बिभिन्न वडाअध्यक्षहरुको सहभागिता रहेको थियो ।

# बर्तौलासहित पाँच सांसदविरुद्ध मुद्दा

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/अदालतको अवहेलना गरेको आरोपमा मकवानपुरका सांसद महेशकुमार बर्तौलासहित ५ जना सांसदविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेको छ ।

निर्वाचन क्षेत्र विकास कार्यक्रम (संसद् विकास कोष) रोक्नुपर्ने भनी सर्वोच्च अदालतले गरेको आदेशको आलोचना गरी उनीहरुले अभिव्यक्ति दिएका थिए । अदालतको आदेशविरुद्ध वक्तव्य दिएको भनी उनीहरुविरुद्ध निवेदन दर्ता भएको हो । नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक, कांग्रेसकै सांसद श्यामकुमार घिमिरे, नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौला, एमालेकै सांसद सूर्य थापा र एकीकृत समाजवादीका सांसद अम्मरबहादुर थापाविरुद्ध मुद्दा परेको हो ।

पाँचैजना सांसदमाथि सर्वोच्च अदालतको आदेशको विरोध गरेर अदालतको अपहेलना गरेको आरोप छ । सर्वोच्च अदालतका सूचना अधिकारी गोविन्दप्रसाद घिमिरेका अनुसार निवेदनमाथि प्रारम्भिक सुनुवाइपछि लिखित जवाफ पेश गर्न आदेश जारी भएको छ । मुद्दा सुनुवाइका लागि ५ वैशाख २०८१ मा पेसी तोकिएको छ ।

गत ६ भदौमा प्रधान न्यायाधीश विश्वम्भर श्रेष्ठ, न्यायाधीश ईश्वर खतिवडा, डा.आनन्दमोहन भट्टराई, प्रकाशमान सिंह राउत र अनिल सिन्हाको संवैधानिक इजलासले निर्वाचनक्षेत्र पूर्वाधार विकास कार्यक्रमको बजेट खर्च नगर्न अन्तरिम आदेश दिएको थियो ।




# मानवजातिको अस्तित्व नै संकटमा पर्दै: मन्त्री श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/बागमती प्रदेश सरकारका प्रवक्ता, आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले पर्यावरण विनाश, जलवायु परिवर्तन र पृथ्वीको तापक्रममा निरन्तरको वृद्धिले मानवजातिको अस्तित्व नै संकटमा पर्दै गइरहेको बताएका छन् ।

सोमबार हेटौंडामा आयोजित पाँचौं प्रदेशस्तरीय जुनियर युवा रेडक्रस शिविरको उद्घाटन गर्दै मन्त्री श्रेष्ठले मानिसबाट भइरहेको पृथ्वीको विनाशलाई बचाउनका लागि आवश्यक काम गर्नु सबैको दायित्व भएको बताए । 'विश्वव्यापी रुपमा अभिप्रेरित, स्थानीयरुपमा सशक्तीकृत जलवायुसम्बन्धी गतिविधिमा जुनियर तथा युवा' भन्ने मूल नाराका साथ आयोजना गरिएको कार्यक्रममा उनले हिमालमा हिउँ पग्लने, समुन्द्री सतहको वृद्धि, अत्यधिक कार्बन उत्सर्जन र वायुमण्डलमा बढिरहेको प्रदूषणले पृथ्वीको अस्तित्व पनि संकटमा पर्दै गइरहेको धारणा राखे ।

मानिसद्वारा भइरहेको पृथ्वीको विनाशबाट बचाउनका लागि आवश्यक काम गर्नु सबैको दायित्व भएको बताउँदै मन्त्री श्रेष्ठले युवा राष्ट्रका आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक र शैक्षिक क्षेत्रका अग्रदूत तथा परिवर्तनका बाहक भएको भन्दै उनीहरुले मानवीय सेवा कार्यलाई प्रभावकारी बनाउनु पर्नेमा जोड दिए ।

उनले बागमती प्रदेश सरकार नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गर्दै अघि बढिरहेको बताए ।

# बालमैत्री गीत प्रतियोगितामा निशा प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/हेटौंडा उपमहानगरपालिकाले गरेको बालमैत्री स्थानीय शासनसम्बन्धी गीत प्रतियोगितामा निशा कट्टेल प्रथम भएकी छन् ।

प्रतियोगिताको लागि प्राप्त ६ जनाको गीतमध्ये कट्टेलको गीतले प्रथम स्थान हासिल गरेको हो । प्रथम हुँदै उनले नगद १५ हजार रुपैयाँ सहित प्रमाणपत्र प्राप्त गरिन् । यस्तै प्रतियोगितामा ओकिलराज बानियाँको गीत द्वितीय र कृतिका लौडारीको गीतले तृतीय स्थान हासिल गरेको हो । बानियाँ र लौडारीले क्रमश: नगद १० हजार र ८ हजार हात पारे ।

महिला तथा बालबालिका शाखाले सोमबार हेटौंडामा बालमैत्री स्थानीय शासनसम्बन्धी आयोजना गरेको कार्यक्रममा प्रतियोगी गीतवाचन/गायनसहित पुरस्कार प्रदान गरेको हो । उनीहरुलाई बालमैत्री स्थानीय शासन तालिम राष्ट्रिय संयोजक बिष्णुप्रसाद चौबे, महाशाखा प्रमुख बिष्णुकुमारी लामिछाने, महिला विकास अधिकृत शान्ति विश्वकर्मा लगायतले पुरस्कार प्रदान गरे ।

गत फागुन १० गते उपमहानगरपालिकाले बालमैत्री स्थानीय शासनसम्बन्धी गीत प्रतियोगिताको लागि १५ दिनको समय तोकी सूचना प्रकाशित गरेको थियो । हेटौंडा उपमहानगरले बालमैत्री स्थानीय शासन अवलम्बन तथा घोषणाको तयारी गरीरहेको सन्दर्भमा बालअधिकारको संरक्षण, सम्बर्द्धनलाई उत्प्रेरित गर्ने, बालमैत्री स्थानीय शासनमा व्यक्ति, परिवार र बालबालिकाको भूमिका दर्शाउने, बालमैत्री भाव झल्किने बालमैत्री स्थानीय शासनसम्बन्धी गीत प्रतियोगिता गरिएको महिला विकास अधिकृत विश्वकर्माले जानकारी दिइन् ।






साझाकुरा

## हाम्रो कुरा

# सहकारीमा निगरानी बढाऔं

लोकतन्त्रमा सबै कुरा सहजरुपमा लिइन्छ । लुट्ने, लुटिने, लुटाउने सबै काम कानूनी दायराभित्रै रहेर गरिएका हुन्छन् । पछिल्लोपटक सामाजिक संजालमार्फत् लुट्ने क्रम बढेको छ । सामाजिक संजालमार्फत् भन्दा बढी सर्वसाधारण लुटिने क्रम सहकारीले गरेको छ । सहकारी क्षेत्रमा देखिएको समस्यालाई अध्ययन गर्न मकवानपुरका दशवटै स्थानीय तहले नियमन अघि बढाउने निर्णय गरेका छन् । मकवानपुरसहित देशभर सहकारी क्षेत्रमा आबद्ध बचतकर्ताको रकम जोखिममा पर्नु, सहकारीको ऋण लगानी असम्बन्धित क्षेत्रमा हुनु, उत्पादनमा आधारित ऋण लगानीको प्रतिफल लेखाजोखा नहुनु र बचत रकम हिनामिनाका घटना बढ्दो रहेका कारण सहकारीको सुक्ष्म नियमन आवश्यक रहेको मकवानपुरका दशवटै स्थानीय तहले औंल्याएका हुन् ।

हेटौंडा उपमहानगरले आयोजनामा गरेको अन्तरक्रियामा जिल्लाका सबै स्थानीय तहका जनप्रतिनिधि र सहकारी शाखाप्रमुखले सहकारी क्षेत्रको नियमित अनुगमन गरी वस्तुस्थितिको लेखाजोखा गर्ने निर्णय गरेका हुन् । जनप्रतिनिधिले सहकारीको कारोबारमा बेथिति देखिएको औंल्याएका थिए । सहकारीको अनुगमन गरी दण्ड र पुरस्कार अभियान चलाउने निर्णय भएको बताइएको छ । सहकारीको नियमनकारी निकाय स्थानीय तह हुन् । स्थानीय तहले सहकारी क्षेत्रमा प्रत्यक्ष निगरानी र नियमित अनुगमन नगरेका कारण समस्या बढ्दै गइरहेको गुनासो बचतकर्ताको छ । मकवानपुरका सबै पालिकामध्ये हेटौंडा उपमहानगरभित्र रहेका सहकारीमा बढी समस्या देखिएको छ । हेटौंडाका स्थानीय सहकारी नभई बाहिरी जिल्लाबाट शाखाको रुपमा स्थापित सहकारीले बढी समस्या निम्त्याएको निश्कर्ष हेटौंडा उपमहानगरको छ । हेटौंडा-४, पारिजातपथस्थित शिवशिखर बहुद्देश्यीय सहकारी संस्था, ५ नम्बर वडास्थित हाम्रो नयाँ कृषि सहकारी संस्था, २ नम्बर वडामा रहेको सहारा किस्ताबन्दी कार्यक्रमको नाममा सयौं बचतकर्ताको रकम जोखिममा परेको छ । १० फागुन २०७९ मा शिवशिखर बहुद्देश्यीय सहकारी संस्था कार्यालय बन्द गरेर फरार भएको थियो । एक वर्षअघि नयाँ कृषि सहकारी संस्था पनि हेटौंडा, बकैया र मनहरी गाउँपालिकाबाट लाखौं रकम उठाएर फरार भएको थियो । सहारा किस्ताबन्दी कार्यक्रम फागुन अन्तिममा बन्द गरेर सञ्चालक दम्पति हेटौंडा-८, कमाने घर भएका सरोज थापा र बिनिता पौडेल फरार भएका थिए ।

नागरिकको बचत रकमको नियमन गर्ने जिम्मेवारी बोकेको हेटौंडा उपमहानगरको कार्यालय अगाडि विनादर्ता सञ्चालित सहारा किस्ताबन्दी कार्यक्रम नामक संस्थामा बचतकर्ताको तीन करोड रुपैयाँभन्दा बढी रकम जोखिममा परेको हो । सहकारीमा देखिएका समस्याले नागरिकमा अन्यौलता छाएको र यसलाई रोक्न जिल्लामा रहेका सहकारीमा नियमित नियमन गर्ने निर्णय त भयो तर, सरकारी निकायको समन्वय कमजोर छ । हाम्रो समाजमा एउटा उखान चलनचल्तीमा छ, त्यो के हो भने 'पुलिस भन्दा चोर जहिले पनि एक कदम अगाडि हुन्छ' । संघीय सरकारको भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले सबै जिम्मेवारी स्थानीय तहमा दिएको छ । पछिल्लो समय सहकारीका संचालकको बेथितिका कारण सर्वसाधारण जनताको धनको सुरक्षा चुनौतीको बिषय बनेकाले स्थानीय तहमा जिम्मेवारी थपिएको छ । सहकारी क्षेत्र मात्र नभई हरेक क्षेत्रमा बेथिति कायम रहेको छ ।

# महिला हिंसा सम्बोधनका लागि लगनशीलता



✍ डा. रेणु अधिकारी

महिलामाथि हुने हिंसा मानवअधिकारको हनन् हो । सामाजिक तथा कानुनी अपराध हो । त्यस्ता देशहरू जहाँ व्यक्तिहरूका समानताका अधिकारहरू सुनिश्चित हुन सक्दैनन्, त्यहाँ मानिस-मानिस बीच विभेद हुन्छ । त्यहाँ परिवार, समाज र राज्यले शक्तिशाली बनाइएको समूह वा व्यक्तिद्वारा अर्को कम शक्ति भएका समूह वा व्यक्तिमाथि हिंसा हुने वातावरण बन्छ ।

अहिले हाम्रो देशमा स्थापित पितृसत्तात्मक संरचनाका कारण शक्तिविहीन समूहका रूपमा महिला छन् । ती महिलाभित्र पनि जातीयता, भाषा, क्षेत्र, यौनिक व्यवहार, अपाङ्गता, पेशा जस्ता विभिन्न अन्तरसम्बन्धित विषयहरूलाई हेर्दा सबभन्दा बढी प्रभावित समाजको शक्ति-संरचनाको पिंधमा परेका महिलाहरू नै पर्दछन् । हुनत पछिल्लो समयमा केही घटनाहरू जहाँ पुरुषहरू महिलाहरूका कारणले पीडित भएको भन्ने समाचारहरू पनि प्रकाशित नभएका होइनन् । तर पनि बहुसंख्यक घटनाहरू पुरुषबाट नै भएको भन्ने तथ्याङ्कहरूले देखाउँछन् ।

साना नानीहरूदेखि वृद्ध महिलाहरू सम्मको बलात्कार, आफ्नै श्रीमान्द्वारा धारिलो हतियार प्रयोग गरेर गरिने हत्या, आफ्नै बाबुले गर्भवती बनाएर अलपत्र पारिएकी छोरी, स्कुलमा शिक्षकहरूद्वारा विद्यार्थीलाई गरिने यौन शोषण जस्ता घटनाहरूका समाचारहरू सुन्नु हाम्रो दिनचर्या जस्तै बनेको छ ।

सरकारी आँकडालाई हेर्ने हो भने पनि गत आर्थिक वर्ष (२०७८/७९) मा मात्रै करिब २२ हजार महिलामाथि भएका हिंसाहरू नेपाल प्रहरीमा दर्ता भए । तीमध्ये ८० प्रतिशत घरेलु हिंसा थिए भने दोस्रो नम्बरमा बलात्कार रहेको थियो (नेपाल प्रहरीको तथ्याङ्क) । पछिल्लो तीन महिनामा बाहिर आएका घटना हेर्दा मात्रै पनि अहिले हाम्रो देशमा घर, स्कुल र समाज कहीं पनि महिला सुरक्षित छैनन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

त्यसैगरी, अदालतबाट मुद्दा फैसला भए तापनि ५ प्रतिशत महिलाले मात्रै पनि आफूले न्याय पाएको अनुभूत गर्न सकेका छैनन् (ओरेक नेपाल) । यो स्थितिले के हामी नेपाली यति क्रूर छौं ? के हामीलाई सभ्य समाजका नागरिकहरू भन्न मिल्छ ? यस्ता प्रश्नहरू मेरो मनमा सधैं उठ्ने गर्छन् ।

नेपाल प्रहरीको तथ्याङ्क अनुसार महिलामाथि हुने हिंसा बढ्नु, हिंसा गर्ने व्यक्तिमध्ये करिब ८५ प्रतिशत पुरुष छन् । त्यसैगरी, ८४ प्रतिशत बलात्कार गर्ने व्यक्तिहरू चिनजानका छन् । यी सूचकाङ्कहरूले हामीलाई महिला हिंसा हुनुको प्रमुख कारण देशमा महिला र पुरुष बीचमा असमान शक्ति सम्बन्ध रहनु तथा महिलाको शरीर पुरुषको नियन्त्रणमा हुनुपर्छ भन्ने मान्यता कायम रहनु हो भन्ने आधार दिन्छ । व्यक्ति-व्यक्ति बीच रहेको असमान व्यवहार वा भनौं समानताको अधिकार सुनिश्चित नभएको अवस्थामा यस्ता परिणामहरू देखिन्छन् ।

नेपालमा सरकारद्वारा महिला हिंसाका विषयलाई सम्बोधन गर्ने प्रयास नगरिएको भन्न मिल्दैन । महिला हिंसा त्यसभित्र पनि घरेलु हिंसा जसलाई व्यक्तिगत क्षेत्रभित्र भएको हिंसा मानिन्थ्यो, सो विरुद्धको कानुन ल्याएर यो व्यक्तिगत क्षेत्रभित्रको मात्र हिंसा होइन भन्ने मान्यता स्थापित गरेको छ । त्यसैगरी महिला हिंसा विरुद्ध अन्य कानुनहरू पनि बनेका छन् ।

बलात्कार विरुद्धको कानुन परिमार्जित भएका छन् । सुरक्षित गृहहरू छन्, हटलाइन छ, एकद्वार संकट व्यवस्थापन केन्द्रको व्यवस्था गरिएको छ । यस्ता अन्य धेरै प्रयास स्थानीय सरकारदेखि संघीय सरकारद्वारा गरिएका छन् ।

त्यसैगरी सरकारी, गैरसरकारी तथा संयुक्त राष्ट्रसंघीय विभिन्न निकायबाट खर्चिएका स्रोतहरू हेर्ने हो भने पनि यसले राम्रै परिमाण ओगटेको छ । तर, दु:खको कुरा महिलामाथि हुने हिंसाहरू अपेक्षित रूपमा घटेका छैनन् । प्रभावितले न्याय पाएको अनुभूति गर्न सकेका छैनन् । यस्तो किन भइरहेको छ त ? यो गम्भीर प्रश्न छ ।

संयुक्त राष्ट्रसंघीय महिला हिंसा विरुद्धको पूर्व समाधीक्षक डा.याकिन येर्कुतले महासभामा बुझाउने (सन् २००५) आफ्नो प्रतिवेदनमा लेख्नुभएको छ- अहिलेसम्म हेर्ने हो भने महिला हिंसा विरुद्धको सरकारको लगनशीलता, विशेषगरी हिंसा भइसकेपछि गरिने सहयोगहरूमा केन्द्रित देखिन्छ ।

तर, महिलामाथि हिंसा जन्माउने जरो कारणलाई सम्बोधन गर्नेतर्फ सरकारहरू अझै जिम्मेवार देखिँदैनन् । हिंसा भइसकेपछि मात्रै सम्बोधन गर्ने परिपाटीले महिलामाथि हुने हिंसा रोकिँदैन । यसअघि नै हिंसाको जरो कारणलाई सम्बोधन गर्नुपर्छ । महिलामाथि हिंसा जन्माउने सबैभन्दा महत्वपूर्ण तत्व भनेको महिलाको पहिचान, उनको शरीर र श्रमलाई नियन्त्रण गर्ने मूल्यमान्यता र त्यस्ता मूल्यमान्यता जन्माउने पितृसत्तात्मक सामाजिक संरचना हो ।

जबसम्म यस्तो किसिमको पितृसत्तात्मक सामाजिक संरचनामा रूपान्तरण, महिला हिंसाका विरुद्धमा बोल्न सक्ने वातावरण निर्माण गर्ने, समाजमा रहेका हजारौं विभेदकारी मूल्यमान्यतामा परिवर्तन गर्नुपर्ने जस्ता कार्यहरू गरिँदैन, तबसम्म महिला हिंसा अन्त्य गर्ने अभीष्ट पूरा हुनसक्दैन ।

तर अपसोच, यस्तो कार्यहरूमा सरकारको यथोचित ध्यान पुगेको देखिँदैन । यसका साथै मानवअधिकारको दृष्टिकोणले हेर्दा अहिले देशभर महिलामाथि हुने हिंसा बढ्दै जानु, त्योभित्र पनि घरेलु हिंसाले महामारीकै रूपमा स्थापित हुनु पछाडि लामो समयदेखि पितृसत्तात्मक संरचनाले स्थापित गरेको महिला भनेको घरको सम्पत्ति हो, उसको शरीर उनको श्रीमान्को नियन्त्रणमा हुनुपर्छ भन्ने जस्ता मान्यता हो ।

लोकतन्त्र पछि सबै व्यक्ति समान हुन् भन्ने मान्यता सहितको संवैधानिक व्यवस्था भए पनि यस्तो मान्यता रहिरहनु भनेको सरकार द्वारा संविधानले प्रदान गरेको समानताको अधिकार पूरा गर्न नसकेको स्थितिको परिणाम हो भन्नुमा कुनै अत्युक्ति हुँदैन । यस्तो स्थिति सरकारद्वारा मानवअधिकार सम्बन्धी आफ्नो दायित्व पूरा गर्न नसकेको सूचकाङ्क समेत हो ।

यसर्थ, मानवअधिकार सुनिश्चित गर्नु राज्यको दायित्व हो । यसका लागि दृढता, निरन्तरताका साथै लैंगिक समानताका लागि चालिने हरेक कदममा इमानदारी आवश्यक हुन्छ । यसका लागि सरकारहरूले 'ड्यू डिलिजेन्स' ढाँचा प्रयोग गर्नु आवश्यक छ ।

संयुक्त राष्ट्रसंघको महासभा, (१९९३) ले आफ्नो निर्णयमा महिलामाथि राज्य, गैरराज्य वा व्यक्तिगत तहका व्यक्तिहरूद्वारा भएका/हुनसक्ने सबै प्रकारका हिंसाहरूमा आफ्नो देशको कानुन अनुसार सजाय दिने, अनुसन्धान गर्ने तथा जोगाउने सबै कार्य गर्न राष्ट्रिय सरकारहरूद्वारा लगनशीलता कायम ('ड्यू डिलिजेन्स') गर्नु आवश्यक छ भनी राज्यहरूलाई सम्बोधन गरेको छ ।

यसको साथै सोही निर्णयले राज्यहरूलाई महिलामाथि हुने/भएका हिंसाहरू हुन नदिने उपाय खोज्न, नियन्त्रण गर्न तथा कानुन अनुसार सजाय दिन सरकार कति लगनशील भयो ? यस्तो लगनशीलताको कारणबाट कस्तो परिणाम आयो ? त्यसले महिला हिंसा अन्त्य गर्न सरकार कतिको जिम्मेवार छ ? भन्ने देखाउँछ भनी स्पष्टै उल्लेख गरेको छ ।

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको 'महिला माथि हुने सबैखाले भेदभाव उन्मूलन सम्बन्धी महासन्धि' अनुमोदन गरेको छ । त्यसैले सरकारद्वारा यो महासन्धिले अभिव्यक्त गरेका दायित्वहरू पनि पूरा गर्नुपर्दछ । समग्रमा महिला हिंसा त्यसमा पनि घरेलु हिंसा अत्यधिक भएको स्थिति, यो महासन्धिका धारा २, ५ र १६ मा उल्लेख गरिएका दायित्वहरू सरकारद्वारा पूरा गर्न नसकेको स्थितिको सूचकांक हो ।

यी सबै धाराहरूको समग्र आशय, सरकारद्वारा देशभित्र कानुनमा, व्यवहारमा तथा सामाजिक-सांस्कृतिक परिवेश जस्ता सबैखाले क्षेत्रमा स्थापित महिलालाई हेर्ने विभेदकारी दृष्टिकोणलाई परिवर्तन गर्नु राज्यको दायित्व हो भन्ने छ । यसो गर्नका लागि समयका साथै राजनीतिक दृढता आवश्यक हुन्छ । महिलामाथि हुने हिंसामाथि केन्द्रित भई हेर्ने हो भने महिला अधिकार सुनिश्चितताका लागि सरकारले मानवअधिकारको संरक्षण, अनुसन्धान तथा हिंसाका पीडकहरूलाई गरिने दण्ड-सजाय कसरी गरेको छ भन्ने कुरा सरकारको 'ड्यू डिलिजेन्स' (लगनशीलताको कारण) भित्र पर्दछन् ।

यसरी बढ्दै गएको हिंसाको कारण पत्ता लगाई, त्यसको गहिराइसम्म पुग्ने गरी अनुसन्धान गर्नु, घटनाको सत्यतालाई पत्ता लगाउनु अनि त्यसको सही कारण खोजेर निदानतर्फ अग्रसर हुनु सरकारको जिम्मेवारी हो । हामीकहाँ कुनै पनि घटना घट्दा अनुसन्धान हुँदै नहुने होइन, हुन्छ/गरिन्छ तर त्यो फगत कानुनी दायरामा रहेर हुन्छ । महिला हिंसाको अनुसन्धान गर्दा कानुनी दायरा मात्रै पर्याप्त हुँदैन । यसका लागि समाजमा रहेको महिलाको स्थान, सामाजिक मूल्यमान्यता सबैलाई विश्लेषण गर्नुपर्दछ भनी संयुक्त राष्ट्रसंघीय महिला हिंसा सम्बन्धी समाधीक्षकहरूले पटक-पटक आफ्ना प्रतिवेदनहरूमा उल्लेख गरेका छन् ।

हामीकहाँ देखिने सबै घटनाहरूले सही अनुसन्धानका लागि यही माग गर्दछन् । देशमा भएको २०६२-६३ को जनआन्दोलनलाई संरचना परिवर्तनका लागि गरिएको आन्दोलन भन्न सकिन्छ । बृहत् शान्ति सम्झौता होस् वा त्यसपछि बनेको संविधान, ती सबैले यो देशमा दिगो शान्तिका लागि अहिले स्थापित संरचनाहरू परिवर्तन गर्नुपर्छ, सामाजिक रूपान्तरण आवश्यक छ भनेका छन् ।

तर, आन्दोलनको राप र तापलाई विस्तारै सत्ता जोगाउने पीडाको राप र तापले विस्थापित गरेको अहिलेको स्थितिमा सामाजिक रूपान्तरणको आवश्यकतातर्फ कसैको ध्यान गएको छैन । सामाजिक रूपान्तरण महिला माथि हुने हिंसा अन्त्य गर्नका लागि हुनुपर्ने पहिलो कार्य हो । यो राज्यको दायित्व पनि हो । महिला हिंसा अन्त्य गर्न सरकारको 'ड्यु डिलिजेन्स' पनि हो ।

अहिले देशभर रहेका सुरक्षित गृहहरूभित्र रहेका हिंसा प्रभावित महिलालाई हेर्ने हो भने बहुसंख्यक १६ देखि १८ वर्षका छन् । तीमध्ये धेरै आमा बनिसकेका छन् । उनीहरूसँगै उनीहरूका त्यस्ता बच्चाहरू छन्, जसलाई उनीहरू हेर्न चाहँदैनन् ।

कारण, कि त ती बच्चाहरू बलात्कारका परिणाम हुन्, कि त घरभित्र उनीहरूकै आफन्तहरूद्वारा गरिएका यौन शोषणका परिणाम । हुनसक्छ यस्ता धेरै घटनाका पीडकहरू जेलमा पनि होलान्/छन् तर यति हुँदैमा यी १६ देखि १८ वर्षका किशोरीहरू र ती भर्खर जन्मिएका शिशुहरूले के न्याय पाउन सक्छन् त ?

अझ भनौं भने त्यो जेलमा भएको व्यक्ति जो प्राय:जसो आफ्नो उत्पादनशील उमेरमा छन्, तिनीहरूको जीवन पनि अन्योलतातिर बगेको छैन र ? ऊ भोलि जेलबाट छुटेपछि उसको जीवन कस्तो हुन्छ ? यसरी एउटा घटनामा तीन जना व्यक्तिको जीवन बर्बाद भइरहेको छ ।

हाम्रो समाजमा यस्ता व्यक्तिहरू बढ्दै जाँदा यसले समाज र देशमा कस्तो प्रभाव पार्ला ? देशको स्वास्थ्य, उत्पादन र विकासको मेरुदण्डका रूपमा रहने यी व्यक्तिहरू नै प्रभावित हुँदा के देशले विकास गर्न सक्ला ? के यस्तो स्थिति सम्बोधन गर्न राज्य जिम्मेवार बन्नुपर्दैन ? यसको सम्बोधन गर्नु सरकारको जिम्मेवारी हो ।

यसमा गम्भीर नभएसम्म महिला हिंसा विरुद्ध नयाँ कानुन निर्माण गरेर वा नयाँ नीति नियम, संरचनाहरूको व्यवस्था मात्रैले महिला हिंसा हुने स्थितिलाई परिवर्तन गर्न सक्दैन । देशको दायित्व पूरा हुनसक्दैन । हामीले चाहे जस्तो रूपान्तरित समाज बन्न सक्दैन । अन्तत: अहिले स्थापित लोकतान्त्रिक गणतन्त्रले पनि आफ्नो औचित्य पूरा गर्न सक्दैन ।

त्यसैले यो स्थितिमा परिवर्तन ल्याउन सरकारले सामाजिक रूपान्तरणलाई अभियानको रूपमा सञ्चालन गर्ने कार्यलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । त्यसपछि, समुदाय तहदेखि नै महिला, पुरुष, यौनिक तथा लैंगिक अल्पसंख्यक सबै समान हुन् भन्ने शिक्षा प्रवाह गर्नु, सेवा प्रवाह गर्नेहरूलाई संवेदनशील बनाउनुपर्छ ।

यस्तै पीडितलाई संरक्षण गर्नु एवं न्याय प्राप्त गर्न सक्छु भने विश्वास जगाउनु र पीडकलाई सजायको साथै उचित शिक्षा दिने कार्य गर्नुपर्दछ । अन्यथा नयाँ कानुन निर्माण, नीतिगत परिवर्तन वा नयाँ नीतिको व्यवस्था जस्ता कार्यहरूले केही हदसम्म त सम्बोधन गर्ला तर हिंसा अन्त्य हुने वातावरण निर्माण भने कहिल्यै गर्न सक्ने छैन । प्रभावितलाई न्यायको अनुभूत हुनसक्ने वातावरण कहिल्यै बन्ने छैन ।

*(साभार: अनलाइनखबर)*

# पुतलीबजार नगरपालिकाका अनुकरणीय कार्यहरु

✍ कृष्णहरि बास्कोटा

स्याङ्जा जिल्लामा पर्ने पुतलीबजार नगरपालिका नेपालका ७५३ वटा स्थानीय सरकारमध्येको एक हो । यो पालिका यस जिल्लाको सदरमुकामका रुपमा रहेको छ । यो पालिका २०५३ सालमा स्थापना भएको हो । यो पालिका आधिखोलाको काखमा रहेको छ । यो पालिका सिद्धार्थ राजमार्ग कोरिडोरमा पर्दछ । यो पालिका धार्मिक तथा पर्यटकीय रुपमा महत्वपूर्ण छ ।

यस पालिकाको नगरप्रमुखमा तुलसीराम रेग्मी र उपप्रमुखमा देवी अर्याल हुनुहुन्छ । यस पालिकामा हालै यस पंक्तिकारले क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालन गर्दा जनप्रतिनिधि र कर्मचारीबाट विभिन्न जानकारी हासिल भएका छन् । जसअनुसार, यस पालिकाको असल अभ्यासलाई नियाल्दा शिक्षातर्फ नेपाल सरकारले दिएको दिवा खाजा रु. १५ मा पालिकाले रु. १० थपेर विद्यार्थीहरुलाई दैनिक रु. २५ को खाजा उपलब्ध गराएको छ ।

प्राविधिक शिक्षा (इन्जिनियर) अध्ययन गर्नको लागि नगरपालिकाभित्रका १४ वडाका २-२ जना गरिब तथा जेहेन्दार विद्यार्थीलाई वार्षिक प्रतिव्यक्ति रु. १ लाख ५ हजारका दरले छात्रवृत्ति प्रदान गरेको छ । यस नगर पालिकाभित्रका सबै सामुदायिक विद्यालयमा ई हाजिरीको व्यवस्था लागू गरिएको छ । साथै, विद्यार्थीलाई पोशाक वितरण गरिनुको अलावा पुस्तकालय स्थापना गरिएको छ ।

यसै गरी, यस पालिकाभित्रका विद्यालयका बालबालिकाको मुटु र आँखाको स्वास्थ्य परीक्षण र औषधि उपचारको व्यवस्था गरिएको छ । प्रधान अध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग शिक्षाको गुणस्तर अभिवृद्धिका लागि अन्तरक्रिया र क्षमता विकास तालिम सञ्चालन गरिएको छ । एसईई र कक्षा ८ मा उत्कृष्ट नम्बर वा जीपीए ल्याउने विद्यालय, शिक्षक र विद्यार्थीलाई सम्मान र नगद पुरस्कार प्रदान गरिएको छ । यस पलिकाद्वारा विद्यालयका शिक्षक र कर्मचारीका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ । यी सबै प्रयासका कारण शिक्षाको गुणस्तरमा वृद्धिको अनुभूति गरिएको छ ।

स्वास्थ्य सेवातर्फ यस पालिकाले रक्तसेवा (ब्लड बैंक) सञ्चालन गरेको छ । पालिकामा रहेको अस्पतालमा डाइलासिस सेवा सञ्चालन गरेको छ । माझी, बोटो, कुमाललगायतका सीमान्तकृत एवं विपन्न वर्गको स्वास्थ्य बिमा गरेको छ । स्वास्थ्य आमा पोषिलो खाना कार्यक्रमअन्तर्गत सुत्केरीलाई रु. १५ सय प्रदान गरेको छ ।

नि:शुल्क मुटु जाँच शिविर सञ्चालन तथा शल्यक्रिया सेवा प्रदान गरेको छ । गर्भवतीलाई क्याल्सियम वितरण गरेको छ । स्वास्थ्य संस्थातर्फ ई हाजिरी तथा अनलाइन रेकर्डिङ तथा रिपोर्टिङ प्रणाली आरम्भ गरेको छ । पालिकाभित्रका ३ वटा स्वास्थ्य संस्थामा एम्बुलेन्स सेवा सञ्चालन गरेको छ । साथै, अस्पतालमा पालिकाको तर्फबाट चिकित्सक नियुक्ति गरेको छ । यसरी स्वास्थ्य सेवातर्फ पनि पालिकाका प्रयासहरु सराहनीय रहेका छन् ।

कृषितर्फ यस पालिकाले किसानलाई हाते ट्याक्टर अनुदान दिएको छ । यस पालिकाले सामुदायिक बीउ बैंक स्थापना गरेको छ । सिताके च्याउ उत्पादन र प्रवर्द्धन गरेको छ । सुन्तलाको कलमी बिरुवा उत्पादनका लागि हाइटेक नर्सरी स्थापना गरेको छ । प्लान्ट क्लिनिकका माध्यमद्वारा बाली संरक्षण गरेको छ । तरकारी संकलन केन्द्र सञ्चालनमा ल्याएको छ । सहकारी कृषि कार्यक्रम सञ्चालन गरेको छ । एक घर एक करेसाबारी र एक टोल एक नर्सरी कार्यक्रम सञ्चालन गरेको छ ।

यस पुतलीबजार नगरपालिकाले किसानसँग हरियो तरकारी खरिद प्रक्रिया आरम्भ गरेको छ । कोदो खेती गर्ने किसानलाई अनुदानको व्यवस्था गरेको छ । प्रत्येक वडामा कृषि र पशुका प्राविधिक खटाइएको छ । किसानलाई प्लास्टिक टनेलमा ५० प्रतिशत अनुदान दिएको छ । धान र मकैको बीउमा ५० प्रतिशत अनुदान दिएको छ । कृषि हाट बजार स्थापना गरेको छ । आलुको बीउ बीजन र कुखुराको चल्ला वितरण गरेको छ । माटो परीक्षण गरेको छ । किसानलाई सेलर, हलर (सानो मिल) मा अनुदान दिएको छ । यसरी यो पालिका कृषिलाई यान्त्रिकीकरणमा रुपान्तरित गर्न र व्यावसायिक कृषितर्फ उन्मुख रहेको पाइन्छ ।

पशु सेवातर्फ पुतलीबजार नगर पालिकाले सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम सञ्चालन गरेको छ । पशु स्वास्थ्य शिविर पनि सञ्चालन गरेको छ । यस पालिकाले पशु वधशाला निर्माण गरेको छ । घरदैलोमा पशु स्वास्थ्य सेवा तथा चिकित्सा सेवा प्रदान गरेको छ । महामारी रोग नियन्त्रण गरेको छ । पशु खोप कार्यक्रम नि:शुल्क सञ्चालन गरेको छ । व्यावसायिक कृषकहरुलाई पशुपालन तालिम दिएको छ । बाख्रा वितरण गरेको छ । फर्म दर्ता गरी बाख्रा पालन, भैँसी पालन गर्ने किसानहरुलाई प्रोत्साहनस्वरुप अनुदान दिएको छ । डाले घाँसको बीउ नि:शुल्क वितरण गरेको छ । यसरी, पुतलीबजार नगरपालिकाले पशु सेवामा पनि निकै राम्रा काम गरेको पाइन्छ ।

सुशासनतर्फ नेपाल सरकारले लागू गरेको पाम्स (जिन्सी व्यवस्थापन) सफ्टवेयर लागू गरेको छ । वडा सचिवहरुलाई पञ्जीकरणको तालिम दिनुको साथै आम नागरिकमा पनि चेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ । यस पालिकाले पुराना पञ्जीकरणका अभिलेखलाई डिजिटाइज्ड गरेको छ । वडा कार्यालयमा प्रत्येक महिनाको ३ गते नियमित बैठक बस्ने गरेको छ । डिजिटल पालिका घर नक्सा कार्यक्रम आरम्भ गरेको छ । अनुगमन कोष हटाई खर्च कटौती गरिएको छ । अनलाइन बिल्डिङ पर्मिट प्रणाली लागू गरेको छ । अनलाइन कर प्रणाली लागू गरेको छ । डिजिटल नागरिक बडापत्र जारी गरेको छ । ई हाजिरी वडा, स्वास्थ्यमा र स्कूलमा विस्तार गरेको छ । साथै, नागरिक सहायता कक्ष, स्तनपान कक्षलगायत आरम्भ गरेको छ । यस पालिकामा वडामै योजना सम्झौता हुने गरेको छ ।

सामाजिक सुरक्षातर्फ, ज्येष्ठ नागरिकको मासिक भत्ता बैंकबाट उपलब्ध गराएको छ । ज्येष्ठ नागरिकलाई सम्मान कार्यक्रम सञ्चालन गरेको छ । ज्येष्ठ नागरिकलाई तीर्थयात्रामा लगेको छ । ज्येष्ठ नागरिकको मोतियाविन्दुको अपरेसन गरेको छ । अपांगता भएकामध्ये क वर्गलाई स्याहार भत्ता प्रदान गरेको छ । साथै, सामाजिक सुरक्षा लाभग्राहीहरुको नामावाली वेबसाइटमा प्रकाशित गरेको छ । यस पालिकाले स्कूल भर्नामा जन्मदर्ता अनिवार्य गरेको छ । साथै, ज्येष्ठ नागरिक र अपांगता भएकालाई परिचयपत्र वितरण गरेको छ ।

वडा विकास कार्यक्रममार्फत समूहको जमिनमा विनाधितो घुम्ती कोष लगानीद्वारा सहुलियत ब्याज दरमा ऋण प्रवाह गरिएको छ । साथै, सीप विकास तालिम पनि सञ्चालन भएको छ । यस पालिकाले मगर दिवसमा बिदा दिने गरेको छ । वैदेशिक रोजगारीबाट फर्किएकालाई वोर्यर बाख्रा वितरण गरेको छ । साझेदारीमा रोजगारमूलक कार्यक्रम सञ्चालन तथा भौतिक संरचना निर्माण गरेको छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत २८ गते बुधबार १० अप्रिल २०२४ । द्वितीया चैत शुक्लपक्ष । चौलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:४६, सूर्यास्त ६:२६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आत्मविश्वास बढ्नेछ | **तुला** | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| **वृष** | : आफन्तको सहयोग मिल्नेछ | **वृश्चिक** | : सन्तानबाट सन्तोष मिल्नेछ |
| **मिथुन** | : मान, प्रतिष्ठा बढ्नेछ | **धनु** | : विवाद पर्न सक्नेछ |
| **कर्कट** | : कार्यमा सफलता मिल्नेछ | **मकर** | : दाम्पत्य सुख मिल्नेछ |
| **सिंह** | : सहमतिका कार्यहरु हुनेछन् | **कुम्भ** | : रमाइलो यात्रा हुनेछ |
| **कन्या** | : नयाँ कार्य सम्पन्न हुनेछ | **मीन** | : धन कमाउने योग परेको छ |

# हिरो बनेका प्रेम परियार भन्छन्, ‘गायनभन्दा अभिनय गाह्रो’



काठमाडौं/बाल्यकालमै गायनमा उचाइँ चुमेका प्रेम परियार फिल्म ‘पर्खि बसे फर्की आउनेछु’बाट हिरो बनिसकेका छन् । ५ वर्ष अगाडि नै यो फिल्म निर्माण भएको हो । तर, सार्वजनिक प्रदर्शनमा आउन सकेको छैन । शनिबार काठमाडौंको जमलस्थित विश्वज्योति हलमा फिल्मको विशेष शो आयोजना गरिएको थियो । फिल्मकर्मी तथा अन्य व्यक्तिले अभिनयको तारिफ गर्दा प्रेम खुसी देखिएका थिए ।

फिल्ममा काम गर्ने बेला डर लागेको भए पनि विशेष शोमा अभिनयको तारिफ हुँदा हौसला मिलेको उनले बताए । सञ्चार कर्मीसँग कुराकानीको क्रममा उनले भने- ‘यो मेरो पहिलो प्रयास हो । काम गर्दा डर लागेको थियो । विशेष शोमा सबैले प्रशंसा गरेपछि भने ‘मैले पनि गर्न सक्ने रहेछु’ भन्ने हौसला मिलेको छ ।’ उनले गायकसँगै नायकको परिचय थपिएकोमा पनि खुसी व्यक्त गरेका छन् ।

अब फिल्मलाई निरन्तरता दिने प्रेमको सोच छ । ‘अभिनय मेरो सौख हो । सानैदेखि नेपाली फिल्म हेर्ने गर्थें । मलाई पनि ‘स्क्रिन’मा देखिन पाए हुन्थ्यो भन्ने लाग्थ्यो । आज आफैंलाई ठूलो पर्दामा हेर्न पाउँदा खुसी छु । काम आउँछ भने आगामी दिनमा पनि फिल्म गर्ने सोचमा छु,’ उनी सुनिए । गायन र अभिनय फरक हुने उनको अनुभव छ । उनलाई गायनभन्दा अभिनय धेरै गाह्रो लागेको छ ।

गायन र अभिनयको फरकबारे प्रेम भन्छन्, ‘गीत गाउँदा एउटा बन्द स्टुडियोमा हुन्छौं । कसैले डिस्टर्भ गर्दैन । फिल्मको छायांकन भनेको विभिन्न ठाउँमा गर्नुपर्छ । कहिले के मिल्दैन, कहिले के हुँदैन । अभिनय भन्ने कुरा एकदमै गाह्रो रहेछ । मलाई गायनभन्दा पनि गाह्रो लाग्यो ।’ फिल्म ‘नाईं नभन्नू ल २’को ‘मर्ने कसैलाई रहर हुँदैन’ बोलको गीत लोकप्रिय बनेपछि प्रेम चर्चामा आएका थिए ।

राजबहादुर सानेको निर्देशनमा बनेको यो फिल्ममा प्रेमका साथै हिउँवाला गौतम, समीक्षा बस्नेत, देव सागर, सुशील गौतम, हेमराज घर्तिमगर, पदम तामाङ, कृष्णबहादुर थापा, रोशन थापा लगायतको अभिनय छ । एकराज थापाको प्रस्तुति रहेको फिल्मले फरक क्षमता भएका व्यक्तिको कथासँगै सामाजिक विषय उठाएको छ । फिल्मलाई आगामी वर्ष प्रदर्शन गर्ने योजनामा निर्माण टिम छ ।

# सहकारीको नियमन अघि बढाउने मकवानपुरका सबै पालिकाको निर्णय

साझाकुरा संवाददाता



हेटौंडा, २६ चैत/ सहकारी क्षेत्रमा देखिएको समस्यालाई अध्ययन गर्न मकवानपुरका दशवटै स्थानीय तहले नियमन अघि बढाउने निर्णय गरेका छन् ।

मकवानपुरसहित देशभर सहकारी क्षेत्रमा आबद्ध बचतकर्ताको रकम जोखिममा पर्नु, सहकारीको ऋृण लगानी असम्बन्धित क्षेत्रमा हुनु, उत्पादनमा आधारित ऋृण लगानीको प्रतिफल लेखाजोखा नहुनु र बचत रकम हिनामिनाका घटना बढ्दो रहेका कारण सहकारीको सुक्ष्म नियमन आवश्यक रहेको मकवानपुरका दशवटै स्थानीय तहले औंल्याएका हुन् ।

हेटौंडा उपमहानगरको आयोजनामा भएको अन्तरक्रियामा सहभागी जिल्लाका सबै स्थानीय तहका जनप्रतिनिधि र सहकारी शाखाका प्रमुखले सहकारी क्षेत्रको नियमित अनुगमन गरी वस्तुस्थितिको लेखाजोखा गर्ने निर्णय गरेका हुन् । जनप्रतिनिधिले सहकारीको कारोबारमा बेथिति देखिएको औंल्याएका थिए । सहकारीको अनुगमन गरी दण्ड र पुरस्कार अभियान चलाउने निर्णय भएको हेटौंडाका सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेलले बताए ।

सहकारीको नियमनकारी निकाय स्थानीय तह हुन् । स्थानीय तहले सहकारी क्षेत्रमा प्रत्यक्ष निगरानी र नियमित अनुगमन नगरेका कारण समस्या बढ्दै गइरहेको गुनासो बचतकर्ताको छ । मकवानपुरका सबै पालिकामध्ये हेटौंडा उपमहानगर भित्र रहेका सहकारीमा बढी समस्या देखिएको छ । हेटौंडाका स्थानीय सहकारी नभई बाहिरी जिल्लाबाट शाखाको रुपमा स्थापित सहकारीले बढी समस्या निम्त्याएको निश्कर्ष हेटौंडा उपमहानगरको छ ।

हेटौंडा-४, पारिजातपथ स्थित शिवशिखर बहुद्देश्यीय सहकारी संस्था, ५ नम्बर वडास्थित हाम्रो नयाँ कृषि सहकारी संस्था, २ नम्बर वडामा रहेको सहारा किस्ताबन्दी कार्यक्रमको नाममा सयौं बचतकर्ताको रकम जोखिममा परेको छ । १० फागुन २०७९ मा शिवशिखर बहुद्देश्यीय सहकारी संस्था कार्यालय बन्द गरेर फरार भएको थियो । एक वर्षअघि नयाँ कृषि सहकारी संस्था पनि हेटौंडा, बकैया र मनहरी गाउँपालिकाबाट लाखौं रकम उठाएर फरार भएको थियो ।

सहारा किस्ताबन्दी कार्यक्रम फागुन अन्तिममा बन्द गरेर सञ्चालक दम्पति हेटौंडा-८, कमाने घर भएका सरोज थापा र बिनिता पौडेल फरार भएका थिए । नागरिकको बचत रकमको नियमन गर्ने जिम्मेवारी बोकेको हेटौंडा उपमहानगरपालिका कार्यालय अगाडि विनादर्ता सञ्चालित सहारा किस्ताबन्दी कार्यक्रम नामक संस्थामा बचतकर्ताको तीन करोड रुपैयाँभन्दा बढी रकम जोखिममा परेको बताइएको छ ।

‘सहकारीमा देखिएका समस्याले नागरिकमा अन्यौलता छाएको र यसलाई रोक्न जिल्लामा रहेका सहकारीमा नियमित नियमन गर्ने निर्णय भएको छ,’ सहकारी शाखाप्रमुख पौडेलले भने । संघीय सरकारको भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीले पछिल्लो समय सहकारीका संचालकको बेथितिका कारण सर्वसाधारण जनताको धनको सुरक्षा चुनौतीको बिषय बनेकाले स्थानीय तहमा जिम्मेवारी थपिएको बताए ।

पालिका प्रमुखले अनुगमका क्रममा व्यवस्थित ढंगबाट सञ्चालनमा रहेका सहकारीको संरक्षणसँगै कारोबार बिग्रिने अवस्थाका सहकारीलाई सुधार्नका लागि सचेत गराउने र कारवाहीको दायरामा ल्याउन भूमिका खेल्ने धारणा राखेका छन् ।

अन्तरक्रियामा सहकारीको अवस्थाका बारेमा मन्त्रालयका सचिव दुवाडी र हेटौंडा उपमहानगरका शाखाप्रमुख पौडेलले सहकारीको अवस्थाबारे जानकारी गराएका थिए । हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख ललितबहादुर घलान, थाहा नगरप्रमुख बिष्णुबहादुर बिष्ट, हेटौंडा उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरीसहित अन्य पालिकाप्रमुख प्रशासकीय अधिकृतहरुको सहभागिता रहेको थियो ।

# ‘ज्वाइँ साब’मा जीतुको जोडी बन्दै नीति



काठमाडौं/अभिनेत्री नीति शाहको डेब्यू फिल्म ‘खजुरे ब्रो’ प्रदर्शनमा आइसकेको छैन । जसले गर्दा उनको कामको मुल्यांकन हुन बाँकी छ । तर, उनलाई लिएर फिल्म बनाउन मेकरहरुबीच भने प्रतिस्पर्धा नै चलिरहेको छ । गत महिना उनले फिल्म ‘रुखान’ सम्झौता गरिन् । निर्देशक दीवाकर भट्टराईको नयाँ फिल्ममा पनि उनले काम गर्ने चर्चा छ । फिल्म ‘बलिदान’मा पनि उनको सम्भावना प्रवल छ ।

यसैक्रममा, नीति अर्को फिल्म ‘ज्वाइँ साब’मा जोडिएकी छन् । सोमबार फिल्मका निर्मातासँग उनको कागजी सम्झौता भएको हो । बसन्त निरौलाको निर्देशनमा बन्न लागेको फिल्ममा नीतिको जोडी अभिनेता जीतु नेपालसँग बाँधिनेछ । उनीहरुको ‘केमेस्ट्री’ रोचक हुने देखिन्छ । निर्देशक निरौलाले कथाको मागअनुसार फिल्ममा नीतिलाई लिएको जनाएका छन् । फिल्म कमेडी कथामा बन्नेछ ।

राज कुमार पण्डितको निर्माण रहने फिल्ममा मीना देवी खड्का, सौगात पण्डित र पदम तामाङ निर्माताको रुपमा छन् । फिल्मका कार्यकारी निर्माता विजय बस्याल हुन् । फिल्ममा सविन अधिकारीको कथा छ भने शंकर धितालको पटकथा तथा संवाद लेखन छ । आगामी बैशाख १५ गतेबाट छायांकन सुरु गरेर आउँदो वर्षको तिहारमा फिल्मलाई सार्वजनिक प्रदर्शन गर्ने तयारी गरिएको छ ।

# ‘पुष्पा २’ टिजरमा साडी लगाएर दुश्मनसँग भिड्दै अल्लू अर्जुन



एजेन्सी, काठमाडौं/सन् २०२१ को सफल तेलुगु फिल्म ‘पुष्पा’को सिक्वेल आगामी साउन ३१ गते अर्थात् अगस्त १५ मा प्रदर्शन हुँदैछ । फिल्मका मुख्य अभिनेता अल्लू अर्जुनको ४२औं जन्मदिनको अवसर पारेर सोमबार टिजर सार्वजनिक गरिएको छ । १ मिनेट ८ सेकेण्ड लम्बाईको टिजरमा उनी पुरानै स्टाइल र अन्दाजमा प्रस्तुत छन् । तर, उनको लुक्स भिन्न छ । उनी माता कालीको गेटअपमा देखिएका छन् ।

टिजरमा उनी हातमा त्रिशूल लिएर घुँडामा घुँघुरा, कानमा झुम्का, आँखामा गाजल र साडी लगाएर दुश्मनसँग लडिरहेको देखिन्छन् । धार्मिक आयोजनको पृष्ठभूमिमा यो सिन तयार पारिएको छ । सुकुमारको निर्देशनमा तयार भएको फिल्ममा अल्लूको अपोजिटमा अभिनेत्री रश्मिका मन्दाना छिन् । फहाद फाजिल, धनञ्जय, राव रमेश, सुनिल र अनसूया भारद्वाजको पनि फिल्ममा अभिनय छ ।

‘पुष्पा’मा रक्तचन्दनको तस्करीसँगै पुष्पाराज (अल्लू) र श्रीवल्ली (रश्मिका)को प्रेमलाई देखाइएको थियो भने क्लाइमेक्समा पुष्पाको शेखावत (फहाद)सँग लडाइँपछि श्रीवल्लीसँग विवाहको दृश्य समावेश थियो । अब सिक्वेल बदलाको कथामा केन्द्रित हुने देखिन्छ । पाँच भाषामा प्रदर्शन हुन लागेको यो फिल्म ५ सय करोडमा बनेको हो । ‘पुष्पा’ले भारतमा ३ सय १३ करोडमाथि कमाएको थियो ।

# ‘खजुरे ब्रो’ पोस्टर : रेयरको सम्झनामा नीति




काठमाडौं/आगामी बैशाख २८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘खजुरे ब्रो’बाट नीति शाहले अभिनयमा डेब्यू गरेकी छन् । यसकारण पनि यो फिल्मप्रति धेरैको चासो छ । तर, एक हप्ता अगाडि सार्वजनिक गीतमा ८ सेकेण्डमा सीमित भएपछि भने फिल्ममा उनको उपस्थिति कमजोर त छैन भन्ने आशंका उब्जिएको छ । सोमबार सार्वजनिक एक पोस्टरमा पनि उनी प्राथमिकतामा परेकी छैनन् ।

पोस्टरमा नीति अभिनेता रेयर राईको सम्झनामा चित्रित छिन् । उनी मुस्कुराएको भावमा प्रस्तुत छिन् । पोस्टरमा रेयर हाँस्दै बाइक चलाइरहेका छन् भने उनकै बाइकमा बसेका अभिनेता महेश त्रिपाठीलाई पैसाको बिटोसँग रमाइरहेको देखिन्छ । अर्का कलाकार नविन मानन्धर डिग्रीको उपाधि प्राप्त गर्दा लगाउने पोशाकमा चित्रित छन् । पोस्टरले फिल्म पैसा र प्रेमको वरिपरि घुम्ने बुझाउँछ ।

सुरज सुनुवारको निर्देशनमा बनेको फिल्ममा प्रकाश भुजेल, विनिता थापा मगर, प्रेम सुब्बा, पुस्कर कार्की, मनिष राउत, शान्तिला तामाङ, सुष्मा निरौला, सुजाता राई, पवन लिम्बु, दीप चन्द्र राई लगायतको अभिनय छ । नविन मानन्धर तथा निर्देशक सुनुवारको निर्माण रहेको फिल्ममा सुनील श्रेष्ठ,अनिल मानन्धर र पिकेश मानन्धर सह-निर्माता छन् । डायमण्ड उप्रेती कार्यकारी निर्माता हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट






Ready To Eat
हाम्रा विशेषताहरू:
☞ ग्याँस ओभनबाट उत्पादन गरिने ।
☞ हानिकारक धुवाँको असर नहुने ।
☞ १२ प्रकारका घरायसी मसलायुक्त ।
☞ तत्काल खान मिल्ने ।
☞ खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।
सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

# मकवानपुरसहित बागमतीका १०१ महिलालाई चालक बनाउँदै मन्त्रालय

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/ बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले १०१ जना महिलालाई स्वरोजगार मूलक सीप सिकाउन सुरु गरेको छ ।

सवारी चालक अनुमतिपत्र नपाएसम्मका लागि आज सोमबारबाट महिलाले 'ड्राइभिङ कोर्ष' लिन थालेका छन् । मन्त्रालयले हेटौंडा उपमहानगरपालिका-११, थानाभऱ्याङमा रहेको बागेश्वरी ड्राइभिङ सेन्टरबाट कोर्ष सञ्चालनको सुरुवात गरेको छ । मन्त्रालयसँगको सम्झौताअनुसार बागेश्वरीले हेटौंडाको ६ जना र मनहरी गाउँपालिकाको २ जना महिलालाई लाइसेन्स नबनाएसम्म तालिम दिनुपर्नेछ । मन्त्रालयका सूचना अधिकारी खगेन्द्र पौडेलका अनुसार ड्राइभिङ सेन्टरसँग तालिम लिने महिलालाई 'लाइसेन्सको ग्यारेण्टी' सहित ड्राईभिङ कोर्ष सञ्चालन गर्नुपर्ने सर्त राखेर सम्झौता गरिएको छ ।



सम्झौतामा लाइसेन्स परीक्षामा उत्तीर्ण नभएसम्म महिलालाई नियमित तालिम गराउनुपर्ने र तालिम नगराए वा बीचमै छोड्न बाध्य पारेमा कानुनी कारबाहीको दायरामा ल्याउने सर्त राखिएको पौडेलले बताए । तालिम बीचमै छोड्ने प्रशिक्षार्थी महिलालाई पनि तालिम दिएको दिनदेखिको खर्च ड्राइभिङ सेन्टरलाई दिनुपर्ने सर्त राखिएको छ । मन्त्रालयको सूचना अनुसार बागमती प्रदेशका ८ जिल्लाका स्थानीय तहबाट १०१ जना महिलाको तालिम लिन नाम सिफारिस भएको हो । जसमध्ये १२ जना महिला तीन पाङ्ग्रे सवारीका लागि र बाँकी ८९ जना महिला चार पाङ्ग्रे सवारी सिक्न इच्छुक देखिएको मन्त्रालयले जनाएको छ ।

चितवनको रत्ननगर नगरपालिकाबाट ५ जना, काभ्रेको चौरीदेउराली गाउँपालिकाको ८ जना, मण्डनदेउपुर गाउँपालिकाको ४ जना, पाँचखाल नगरपालिकाको ५ जना, भुम्लु गाउँपालिकाको ६ जना महिलाले तालिम लिँदैछन् । काठमाडौं उपत्यकाबाट १४ जना, भक्तपुरको चाँगुनारायण नगर पालिकाबाट ५ जना, सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगर पालिकाबाट १४ जना, रामेछापको गोकुलगंगा गाउँपालिकाबाट ५ जना, रामेछापकै मन्थली नगरपालिकाबाट ११ जनाले तालिम लिने मन्त्रालयले जनाएको छ ।

धादिङको धुनिवेशी नगरपालिकाको ७ जना, नुवाकोटको म्यागङ गाउँपालिकाको ९ जनाले तालिम लिने पौडेलले बताए । मकवानपुरले हेटौंडाकै बागेश्वरीमा, चितवनका महिलाले नारायणघाटको ट्रेनिङ सेन्टरमा, मन्थलीकाले सिन्धुलीको खुर्कोटमा रहेको ट्रायल सेन्टरमा र बाँकी काभ्रे, नुवाकोट, धादिङ, रामेछापको गोकुलगंगाका, सिन्धुपाल्चोकका महिलाले उनीहरुको मागअनुसार काठमाडौं उपत्यकाको तीनवटा ट्रायल सेन्टरमा तालिम लिने पौडेलले उल्लेख गरे ।

श्रम, रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्सालले महिलालाई स्वरोजगार बनाउन सवारी चालकको तालिम दिइएको बताए । 'उहाँहरुलाई स्वरोजगार बनाउन तालिम दिएका हौं । यसको प्रभावकारिता हेरेर कार्यक्रमले अर्को वर्ष पनि निरन्तरता पाउँछ,' उनले भने । आगामी वर्ष बजेट थप गरेर धेरै महिलालाई तालिम दिने योजना रहेको लम्सालले जनाए ।

मन्त्रालयले १८ लाख रुपैयाँ बजेटमा तालिम सञ्चालन गरेको हो । ट्रेनिङ सेन्टरलाई न्यूनतम शुल्कमा प्रति सहभागीका दरले भुक्तानी गर्ने सम्झौता मन्त्रालयले गरेको छ ।

# हेटौंडाका महर्जन नेतृत्वको चलचित्र संघ कार्यसमितिलाई पूर्णता

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/नेपाली फिल्म प्रदर्शकको छाता संगठन नेपाल चलचित्र संघको नयाँ कार्यसमितिले सोमबार पूर्णता पाएको छ । जसको नेतृत्व हेटौंडाका चलचित्रकर्मी नरेन्द्र महर्जनले गरेका छन् ।

विधानअनुसार नव निर्वाचित अध्यक्ष महर्जनले रिक्त विभिन्न पदमा पदाधिकारी नियुक्त गरेका हुन् । महासचिवमा सुरेन्द्रकुमार थापा मनोनित भएका छन् ।

मुलुकको दोस्रो ठूलो मल्टिप्लेक्स चेन आईएनआईका सञ्चालक समेत रहेका थापा १४ वर्षदेखि फिल्म प्रदर्शन क्षेत्रमा सक्रिय छन् । उनीसँग क्यूएफएक्सको अप्रेसन प्रमुख भएर काम गरेको अनुभव छ । प्रथम उपाध्यक्षमा गोपाल कायस्थ, द्वितीय उपाध्यक्षमा कपिल प्रसाद द्वार तृतीय उपाध्यक्षमा ओमप्रकाश जैसी मनोनित भएका छन् ।

उपमहासचिवमा दिप्रश शाक्य र कोषाध्यक्षमा वान सिनेमाजका प्रज्ज्वल राणा छन् । सदस्यमा देवेन्द्र खड्गी, राजकुमार श्रेष्ठ, गोविन्द शाही, छविराज ओझा, नीरज गुप्ता, करण श्रेष्ठ, आशिष तामाङ, मिजास पोखरेल र महेन्द्र नारायण श्रेष्ठ छन् । सोमबार नै अध्यक्ष महर्जनले नवनियुक्त पदाधिकारीलाई सपथ गराए ।

कार्यसमितिको पहिलो पूर्णबैठकले प्रशासन सञ्चालनका लागि बैंक खाता चलाउन दिने निर्णय गरेको छ ।

# अबैधरुपमा भित्राइएका २०० चल्ला नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/ अवैधरुपमा भारतबाट भित्रिएको ब्रोइलर कुखुराको चल्ला मकवानपुर प्रहरीले बरामद गरी नष्ट गरेको छ । हेटौंडा-१५ रातोमाटे प्रहरीचौकीले दुईसय कुखुराको चल्ला बरामद गरी नष्ट गरेको जनाएको छ । बीरगंज हुँदै हेटौंडा भित्रिएको चल्ला रातोमाटे प्रहरी टोलीले नष्ट गरेको हो ।

बीरगंजबाट हेटौंडा आउँदै गरेको ग १ ख ५८९६ नम्बरको यात्रुबसमा सामान राख्ने डिक्कीमा राखेर ल्याएको चल्लाको बीलबिजक नभएको, क्वारेन्टाइन नभएको, चोरीनिकासी बाटो भएर ल्याएका कारण बरामद गरेको मकवानपुरका प्रहरीप्रवक्ता डिएस्पी लक्ष्मी भण्डारीले जानकारी दिए ।

प्रहरीले बरामद गरेको अबैध चल्ला जिल्ला पशुसेवा कार्यालय मकवानपुरले नष्ट गरेको प्रहरीप्रवक्ता भण्डारीले जानकारी दिए । भारतमा चल्लाको मूल्य नेपाल भन्दा आधा सस्तो पर्ने भएको हुँदा भारतीय सीमावर्ती क्षेत्रबाट तस्करी हुँदै आएको छ । साइकलमा राखेर सुरक्षाकर्मीलाई छक्याउँदै तस्करले नेपाल भित्राउने गरेका छन् । त्यसरी भित्राएको चल्ला कुखुरा उत्पादक कृषकलाई बिक्री गरिँदै आएको छ ।


## महिनावारीको समयमा ध्यान दिऔं

- नियमित रुपमा नुहाउने, लगाएको कपडा फेर्ने र साबुन पानीले बेला-बेलामा हात धुने गरौं,
- स्यानिटरी प्याड वा सफा र नरम खालको सुती अथवा कटनको कपडाको प्रयोग गरौं,
- कम्तीमा ४ देखि ६ घण्टाको फरकमा स्यानिटरी प्याड वा प्रयोग गरेको कपडा फेरौं,
- प्रयोग गरेका कपडाहरु धोए पछि घाममा राम्रोसँग सुकाएर मात्र पुन:प्रयोग गरौं,
- सामान्य शारिरीक व्यायाम गरौं,
- गेडागुडी, माछा, मासु, मौसम अनुसारको फलफूल तथा हरियो सागसब्जी र प्रशस्तमात्रामा पानीलगायत झोलिलो खानेकुरा खाऔं,
- सरसफाईमा विशेष ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# रानी वनको अवलोकन भ्रमण

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/ हेटौंडा-६, चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहद्वारा सञ्चालित ३ दिने अवलोकन भ्रमण सम्पन्न भएको छ । समूहको चालु आव. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भ्रमणको आयोजना गरिएको हो ।

समूहले कोशी प्रदेशको झापामा रहेको जमुनावारी सामुदायिक वन र दियालो सामुदायिक वनको स्थलगत अवलोकन गरेको समूहकी सचिव नानीमायाँ रुम्बाले बताइन् ।

दियालो सामुदायिक वनका उपभोक्ता एवम सामुदायिक वन उपभोक्ता महासंघ, कोशीका उपाध्यक्ष चन्द्र तामाङले समूहले गरेका गतिविधिको बारेमा जानकरी गराएका थिए । समूहले सामूहिक बेसारखेती, प्राङारिक मल उत्पादन, सामूहिक माछापालन लगायत काम गर्दै आएको यस सामुदायिक वन ६ हजार ३ सय हेक्टरमा फैलिएको छ ।

यसैगरी जामुनवारी सामुदायिक वनका अध्यक्ष खेमराज सिटौलाले समूहले वन्यजन्तुको संरक्षण, पोखरी निर्माण र पार्क निर्माण गरेको बताए । उनले स्थानीय उपभोक्ताको लागि जीविकोपार्जन, स्वास्थ्य, शिक्षा, सामाजिक विकास निर्माणमा काम गरेको बताए । अध्यक्ष सिटौलाले स्थानीय ४० जनालाई रोजगारी सिर्जना गर्नुको साथै वार्षिक सरदर ५ करोडको आम्दानी गरेको बताए ।

सहभागीले ईलामको चियावारी, विभिन्न धार्मिक क्षेत्रको समेत अवलोकन गरेका थिए । समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपानेको नेतृत्वमा गएको भ्रमणटोलीमा कार्यसमिति, लेखासमिति, सल्लाहकार, महिला उपसमिति, कर्मचारी र उपभोक्ता गरी ४२ जनाको सहभागिता थियो ।

# पालुङमा विद्युतीय सुरक्षा दिवसमा प्रभातफेरी

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रले विद्युतीय सुरक्षा दिवस-२०८० को अवसरमा प्रभातफेरी गरेको छ । सोमबार पालुङ वितरण केन्द्रले विद्युत सुरक्षासम्बन्धी सचेतना जगाउने प्लेकार्ड सहित प्रभातफेरी सहित बजार परिक्रमा गरी सभामा परिणत भएको हो ।

विद्युतीय सुरक्षा दिवसका अवसरमा ऱ्यालीपश्चातको सभालाई सम्बोधन गर्दै वितरण केन्द्रप्रमुख माधव न्यौपानेले विद्युतीय दुर्घटनाबाट बच्न गुणस्तरीय विद्युतीय उपकरणको प्रयोगसँगै सुरक्षाका उपकरण अवलम्बन गरी विद्युतीय सुरक्षामा ध्यान दिई सेवाप्रदान गर्न कर्मचारीलाई आग्रह गरे । विद्युतीय दुर्घटना न्यूनीकरणका लागि जनचेतना फैल्याउन तथा सुरक्षित विद्युतसेवाको सहज पहुँच, गुणस्तरीय सामानको प्रयोग र किफायती उपभोग एवम् चुहावट नियन्त्रणका लागि उपभोक्तामा सचेतना र जागरुकता सञ्चार गरी विद्युत दुर्घटनामा कमी ल्याउन विद्युतीय सुरक्षा दिवस मनाइएको न्यौपानेले बताए ।

विद्युत प्राधिकरणको काम तथा सेवा जोखिमपूर्ण रहेकोले यो अवस्थामा आफू सुरक्षित भई भरपर्दो सेवामा लाग्न आम कर्मचारीलाई निर्देशन दिँदै सुरक्षा चुनौतीकारुपमा रहेका पुराना काठको पोल विस्थापन गरी स्टिल पोल राख्ने अभियानमा प्राधिकरण लागेकोले जीर्ण, पोल नाङ्गो तार र लाइन फेर्ने, सुरक्षात्मक प्रणाली सुधारका लागि पुराना संरचनाको स्तरोन्नति गर्ने, ट्रान्सफरमरको क्षमता वृद्धि गर्ने, कन्डक्टरको क्षमता वृद्धि गर्ने, इन्सुलेटर कन्डक्टरको प्रयोग गर्ने लगायतका काम निरन्तररुपमा अगाडि बढाइएको पनि प्रमुख न्यौपानेले बताए । प्राधिकरण पालुङ वितरण केन्द्रअन्तरगतका कर्मचारीको सहभागिता रहेको ऱ्यालीमा 'विद्युत दुर्घटनाबाट बच्न सचेत रहौं, समृद्धिको लागि विद्युतको सदुपयोग गरौं'लगायत चेतनामूलक नारा लेखिएको प्लेकार्ड बोकिएको थियो ।

# 'शिक्षित समाजबाटै विभेदमुक्त राष्ट्र निर्माण हुन्छ'

साझाकुरा संवाददाता

हेटौंडा, २६ चैत/ बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिँचाई मन्त्री एकालाल श्रेष्ठले शिक्षित समाजबाटै समुन्नत राष्ट्र निर्माणको अपेक्षा गर्न सकिने बताएका छन् ।

नेपाल उत्पीडित जातीय मुक्ति समाज मकवानपुरको आठौं जिल्ला अधिवेशनमा खानेपानी, उर्जा तथा सिँचाई मन्त्री श्रेष्ठले शिक्षित व्यक्तिबाट विभेदपूर्ण व्यवहार नहुने भन्दै सबैले विभेदयुक्त मानसिकता त्यागनुपर्ने बताए । अहिलेको व्यवस्थामा कुनैपनि भेदभाव नरहेको बताउदै उनले भने, 'हामी सबैले लडेर ल्याएको व्यवस्थाले हरेक क्षेत्रमा पछि परिएका वा पछाडि पारिएका जातिलाई समान अधिकार प्रदान गरेको छ । अहिले हरेक क्षेत्रमा अझ स्थानीय तहको वडामा ५ जना निर्वाचित जनप्रतिनिधिमा एक दलित महिला अनिवार्य व्यवस्था गरेको छ । यो ठुलो उपलब्धी हो,' ।


## शिक्षक आवश्यकता

*प्रकाशित मिति: २०८०।१२।२५*

यस विद्यालयका लागि निम्न तह र विषयका शिक्षकहरु करारमा नियुक्ति गर्नुपर्ने भएकोले तपशिल अनुसारको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वक दरखास्त आह्वान गरिन्छ :

**तपशिल:**

| क्र.सं. | तह/विषय | आवश्यक संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| १ | प्रा.शि. ग्रेड शिक्षक | १ जना (महिला) | मुख्य विषय अंग्रेजी लिई कक्षा १२ उत्तीर्ण, मन्टेश्वरी तालिम प्राप्त |
| २ | प्रा.शि. अंग्रेजी | २ जना | मुख्य विषय अंग्रेजी लिई कक्षा १२ उत्तीर्ण |
| ३ | प्रा.शि. विज्ञान | १ जना | मुख्य विषय विज्ञान लिई कक्षा १२ उत्तीर्ण |
| ४ | नि.मा.शि. गणित | १ जना | मुख्य विषय गणित लिई कक्षा १२ उत्तीर्ण, माथिल्लो योग्यता र अनुभवलाई विशेष प्राथमिकता प्रदान गरिनेछ । |

१. परीक्षाको किसिम : लिखित, कक्षा अवलोकन र अन्तरवार्ता
२. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
३. दरखास्ता दिने अन्तिम मिति : २०८१/०१/०७ गते दिउँसो ४:०० बजे सम्म ।
४. लिखित परीक्षा : २०८१/०१/०८ गते शनिबार विहान ११:०० बजे ।
५. परीक्षा दस्तुर : नि.मा.वि. तहको लागि रु. १२००।- र प्रा.वि. तहको लागि रु.१०००।-
६. आवश्यक कागजात : नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित निवेदन र फोटो
७. पाठ्यक्रम : नि.मा.वि. र प्रा.वि. शिक्षकका लागि शिक्षक सेवा आयोगको नयाँ पाठ्यक्रम अनुसार नि.मा.वि. तहको विषयगत तर्फबाट मात्र १०० अंकको लिखित परीक्षा हुनेछ ।
ग्रेड शिक्षकको लागि : प्रा.वि. तहको पाठ्यक्रम अनुसार विषयगत मात्र १०० अंकको लिखित परीक्षा हुनेछ ।
८. अध्यापन अनुमति पत्र : अनिवार्य नरहेको ।

**ज्ञानदीप शिक्षा (जी.एस.) निकेतन माध्यमिक विद्यालय**
हेटौंडा-५, भैरवरोड, मकवानपुर
फोन : ०५७-५२३४१५, ९८५५०६९१८४








साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना